नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218, Fax: 23326857

नेपाली राजदूतावास
नयाँदिल्ली

मिति: २०७६/०३/०६

## NOC/भिसा सम्बन्धी सूचना !

(क) भारतीय अध्यागमन पार गरी साउदी अरेबिया, कतार, कुवेत, युनाइटेड अरब इमिरेट्स, ओमन, बहराइन, इराक, लिबिया र लेबनान यात्रा गर्ने नेपाली नागरिकहरूलाई भारतीय अध्यागमन पार (Immigration Clearance) गर्दा यस राजदूतावासको सिफारिस पत्र (No Objection Certificate) आवश्यक पर्ने भएकोले सोको लागि निम्न कागजातहरूसहित सम्पर्क गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

आवश्यक कागजातहरू:-

१. भारत हुँदै माथि उल्लिखित मुलुकमा जानुपर्ने मनासिव कारणसहित सम्बन्धित व्यक्तिको हस्ताक्षरसहितको निवेदन ।
२. यात्रा गर्ने व्यक्तिको राहदानी र सोको प्रतिलिपि ।
३. गन्तव्य देशको भिसा र हवाई टिकटको प्रतिलिपि ।
४. रोजगार भिसामा विदेश जाने व्यक्तिले बैदेशिक रोजगार विभाग वा अन्तर्गतबाट जारी श्रम स्वीकृति (Employment Permit) को प्रतिलिपि ।
५. यसअघि भारतबाहेक तेस्रो मुलुक भ्रमण गरेको भएमा यात्रा अभिलेख (भिसा, आगमन, प्रस्थान आदि) को प्रतिलिपि ।
६. अध्ययन, व्यवसायको सिलसिलामा भारतमा रहेका नेपाली नागरिकहरूको हकमा अध्ययन, व्यवसायसँग सम्वन्धित परिचयपत्र/कागजातहरू ।

उपरोक्त कागजातहरू सहितको निवेदन प्राप्त भएपछि औचित्यको आधारमा राजदूतावासले उपयुक्त NOC जारी गर्न सक्नेछ ।

(ख) चीन, मकाउ, हङकङ र पाकिस्तानबाट भारत प्रवेश गर्ने नेपाली नागरिकहरूका लागि भारतको भिसा आवश्यक पर्ने जानकारी प्राप्त भएकोले सोही बमोजिम गर्नुहुन जानकारी गराइन्छ ।